वर्ष १५ अंक १९६, २०७७ फागुन २३ गते आइतबार, नेपाल सम्बत ११४१ LOKWANI DAILY Sunday 7, Mar, 2021 पृष्ठ संख्या ४मुल्य रु. ५।-

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# लोकवाणी

राष्ट्रिय दैनिक

फेसबुकमा : www.facebook.com/lokwani.daily

अन्तर्राष्ट्रिय नारा
"Women in leadership: Achieving an equal future in a COVID-19 world"
राष्ट्रिय नारा
"महिलाको सुरक्षासमृद्ध नेपालको आधार :सम्मान र रोजगार ,"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## व्यास नगरपाालिकाका तीन सडक स्तरोन्नतिका लागि ७५ करोड प्राप्त

**लोकवाणी संवाददाता**
**दमौली, फागुन २२**

व्यास नगरपालिका क्षेत्रका ३ वटा मुख्य सडकको स्तरोन्नतिका लागि नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजनाको समन्वयमा ७५ करोड ३ लाख रुपैंया सहयोग प्राप्त हुने भएको छ।

नेपाल सरकार र विश्व वैंकबीच सम्भौता भए अनुसार उक्त सडकहरुका लागि सो सहयोग प्राप्त हुने भएको हो। सहयोग सम्बन्धमा व्यास नगरपालिका र नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना विच शुक्रबार काठमाण्डौमा सम्झौता सम्पन्न भएको छ। सम्झौता पत्रमा आयोजनाका तर्फबाट आयोजना प्रमुख नवराज प्याकुरेल र व्यास नगरपालिकाको तर्फबाट नगरप्रमुख वैकुण्ठ न्यौपानेले हस्ताक्षर गरे। उक्त सडक अन्तरगत घाँसीकुवा, फराकचौर, माझँफाट, कलेस्ती हुदै व्यास मार्ग जोडिने पराशर मार्ग, पतेनिटार, चिन्तुटार, मादिवेशी, शेखटार हुदै शिशाघाट जोडिने मार्ग र केशवटार, कुलुङ, छाब्दी, कर्लुङ हुदै छिर्कने निस्कने मार्गको स्तरीकरण( कालोपत्रे) गर्ने कार्यक्रम रहेको नगर प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिए। योजना अन्तरगत लैङ्गीक समानता लगायत पुर्वाधार निर्माण र शासकीय सुधारका विषयमा पनि कार्यक्रम गरिनेछ।

हाल वहाल रहेका जनप्रतिनिधिहरु निर्वाचित हुने वित्तिकै नेपाल सरकार र विश्व वैंक विच सम्झौता भएअनुसार काम अगाडी बढ्ननुपर्नेमा कोभिड लगायत विविध कारणले नगरपालिका संगको सम्झौता ढिलो हुन पुगेको हो।

शुक्रबार देशभरका ३३ नगरपालिकासंग आयोजनाका तर्फबाट सम्झौता गरिएकोमा आयोजनाका तर्फबाट करिब १४ अर्व बजेटमा यो कार्यक्रम सञ्चालन हुदैछ। गण्डकी प्रदेशका पोखरा महानगरपालिका सहित व्यास, शुक्ला, बाग्लुङ र स्याङ्जाको पुतलिबजार नगरपालिकासंग सम्झौता गरिएको हो। योजना सम्पन्न गर्ने अबधि ५ वर्षको रहेको छ।



आयोजनाले व्यास नगरपालिकाको ग्रामिण र शहरी क्षेत्रलाई पर्यटनका माध्यमबाट विस्तार गर्ने कार्यलाई सहयोग पुर्याउने छ। मादी उपत्यकाको वारी पारी क्षेत्र तथा छाब्दी, कुलुङ पर्यटन क्षेत्रको विकास हुने पनि व्यास नगरपालिकाले लक्ष्य लिएको छ। शहरी क्षेत्रमा जनघनत्व बढ्दै गइरहेको र बसाईंसराईको तिब्रता आईरहेको अबस्थामा यो योजना सम्पन्न भएपछी गाँउ छोडी शहर जाने क्रम रोकिने अपेक्षा गरिएको छ। साथै आयोजनाको कार्यान्वयनको चरणमा बृहत शहर विकास अभियान अन्तरगत स्याङ्जा, पोखरा, शुक्लागण्डकी र व्यास क्षेत्रलाई शहरी क्षेत्रमा विकसीत गर्न सम्बन्धित मन्त्रालय र विभागले प्राथमिकतामा पनि राखेको छ।

## मिर्गौला पीडित मेगिसरालाई रु एक लाख ३७ हजार सहयोग

**लोकवाणी संवाददाता**
**दमौली, फागुन २२**

तनहुँको व्यास नगरपालिका-१४ केशवटार निवासी दुवै मिर्गौला पीडित मेगीसरा थापाको उपचारका लागि रु एक लाख ३७ हजार ६ सय ३८ हस्तान्तरण गरिएको छ। दमौली समाजका आर्थिक सङ्कलन समितिका संयोजक युवराज आलेले मिर्गौला पीडितका श्रीमान् खेमबहादुर थापालाई रकम हस्तान्तरण गर्दै थप रकम सङ्कलनको अभियान जारी रहेको बताए। समाजले दुई हप्ताको अवधिमा उक्त रकम जुटाएको हो।



केशवटार समाजको पहलमा सङ्कलन भएको उक्त रकम शनिबार मिर्गौला पीडितका परिवारलाई हस्तान्तरण गरिएको हो। स्वदेश तथा विदेशबाट सहयोग सङ्कलन आउने क्रम जारी रहेको आलेले जानकारी दिए।

(बाँकी पृष्ठ ३ मा)

## दोस्रो चरणमा खोप लगाउन ९४ खोप केन्द्र

**लोकवाणी संवाददाता**
**दमौली, फागुन २२**

आइतबारदेखि शुरु हुने कोभिड विरुद्धको दोस्रो चरणको खोप अभियानका लागि तनहुँमा ९४ वटा खोप केन्द्र निर्धारण गरिएको छ। ६५ वर्षभन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकलाई कोभिड विरुद्धको खोप लगाउनका जिल्लाका दश वटा स्थानीय तहमा ९४ वटा खोप केन्द्र निर्धारण गरिएको हो।

तनहुँमा दुई चरणमा खोप अभियान सञ्चालन हुँदैछ। जिल्ला स्वास्थ्य कार्यालय तनहुँले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले ८५ वडाका ५० खोपकेन्द्रमा पहिलो र ४४ खोप केन्द्रमा दोस्रो चरणमा खोप अभियान सञ्चालन गरिने जानकारी दिए। उनका अनुसार पहिलो चरण फागुन २३ गतेदेखि २७ गतेसम्म व्यास नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिकामा सञ्चालन हुनेछ।

दोस्रो चरण फागुन २८ गतेदेखि चैत २ गतेसम्म शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, घिरिङ गाउँपालिका, ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिकामा सञ्चालन हुने अधिकारीले जानकारी दिनुभयो। यस अवधिमा १५ हजार भन्दा बढी नागरिकलाई कोभिड विरुद्धको खोप लगाइँदैछ। तनहुँमा यस अगाडी स्वास्थ्यकर्मी, जनप्रतिनिधि, निजामति


(बाँकी पृष्ठ ३ मा)

## कर्मचारी मिलन केन्द्रमा रेग्मी

**लोकवाणी संवाददाता**
**दमौली, फागुन २२**

कर्मचारी मिलन केन्द्र तनहुँको अध्यक्षमा व्यास नगरपालिकाका शिक्षा शाखा प्रमुख नगेन्द्रप्रसाद रेग्मी चयन भएका छन्। शनिबार म्याग्दे-६ मूलवाराहीमा सम्पन्न अधिवेशनबाट रेग्मीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ।

मिलन केन्द्रको उपाध्यक्षमा शुक्लागण्डकी नगरपालिकाका प्रशासकीय अधिकृत हिमा पोखेल, सचिवमा शिक्षा विकास तथा समन्वय इकाईका विश्वप्रकाश रेग्मी, सहसचिवमा डिभिजन वन कार्यालयका चुडामणि बराल, कोषाध्यक्षमा कारागार कार्यालयका नारायण अधिकारी निर्वाचित भएका छन्। त्यस्तै सदस्यहरुमा प्रदिप न्यौपाने, कुमारकन्चन जिसी, महेश सुवेदी, गणेशराज गौली, युक्त सुवेदी, विष्णुहरि पण्डित, मेघनाथ आचार्य, दामोदर कार्की, लक्ष्मण बराल, विवेक सिग्देल चयन भएका छन्।




सन्चो स्वास्थ्य क्लिनिकको विशेषज्ञ स्वास्थ्य सेवा विस्तार सम्बन्धी सूचना

वरिष्ठ बाथरोग तथा प्रतिरक्षा विशेषज्ञ डा. रामकृष्ण गिरी सन्चो क्लिनिकमा आउँदै हुनुहुन्छ। (प्रत्येक महिनाको अन्तिम शनिबार)

स्त्री तथा प्रसुतीरोग विशेषज्ञ डा. आस्था रेग्मीद्वारा प्रत्येक दिन बिहान ७-१० र बेलुका ५ देखि ७ बजेसम्म जाँच गरिन्छ।

साथै बाथरोगको सम्पूर्ण ल्याव टेष्ट युआएरएलमा नयाँ मेसिनमा हुने जानकारी गराइन्छ।

हरेक महिनाको पहिलो शनिबार

१) अन्नपूर्ण बाल तथा महिला अस्पतालका वरिष्ठ स्त्री तथा प्रसुतीरोग विशेषज्ञ **डा. सरिता गुरुङ**द्वारा स्वास्थ्य परीक्षण।
- महिनाबारीमा गडबडी, तल्लो पेट दुख्ने, मैलो पानी बग्ने, स्तनमा गिर्खा देखा परेमा, बाँझोपन तथा निसन्तान सम्बन्धी परामर्श तथा उपचार, आङ खस्ने समस्या, गर्भवती महिलाहरुको गर्भ जाँच तथा स्वास्थ्य परीक्षण।
(समय : बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म)

२) अन्नपूर्ण बाल तथा महिला अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट **डा. प्रकाशकुमार गुरुङ**द्वारा भिडियो एक्सरे सेवा, पत्थरीको समस्या भएको, गर्भवती महिलाहरुका लागि तथा भिडियो एक्सरे गर्न चाहने सबैलाई।
(समय बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म)

हरेक महिनाको दोस्रो शनिबार

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराका हाडजोर्नी, नशा तथा बाथरोग विशेषज्ञ **डा. सुवास गुरुङ**द्वारा हाडजोर्नीको दुखाई, हातखुट्टा झमझमाएमा, ढाडको दुखाई, बाथरोग, युरिक एसिड, हातखुट्टामा गाँठागुठी पलाएका बिरामीहरुलाई स्वास्थ्य परीक्षण गरिने।
(समय बिहान ९ बजेदेखि दिउँसो ३बजेसम्म)

हरेक महिनाको तेस्रो शनिबार

वरिष्ठ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ **डा. आनन्द नेपाल**द्वारा स्वास्थ्य परीक्षण।
MBBS (KU) MD, Dematologist (NAMS) MMC No. 4435

प्रत्येक दिन बिहान ६ बजेदेखि १० बजेसम्म र साँझ ५ बजेपछि डा. शान्ति पोखेल र डा. सुनिल पौडेलद्वारा स्वास्थ्य परीक्षण।

सन्चो स्वास्थ्य क्लिनिक
व्यास-३, अस्पतालगेट, दमौली
९८५६०७६२००, ९८६४३७७५०६
पुनश्च : इसिजी, भिडियो एक्सरे, रगत, दिसा, पिसाब, थाइराइड तथा आवश्यकता अनुसार रगतहरुको परीक्षण गरिन्छ।

लोकवाणी दैनिक

संसारमा यस्तो कुनै मानवीय घटना भएकै छैन र हुने पनि छैन जो महाभारतमा कल्पना नगरिएको होस् । - वेदव्यास (महाभारत)

## सम्पादकीय.......

# संसदप्रतिको अपेक्षा

आजबाट प्रतिनिधि सभाको हिउँदे अधिवेशन सुरु हुने भएको छ। गत पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन गरेको विरुद्धमा परेको रिटमा फैसला गर्दै सर्वोच्च अदालतले गत फागुन ११ गते १३ दिन भित्र संसदको

बैठक राख्न आदेश दिएपछि अदालतको फैसलाको सम्मान गर्दै सरकारले आजदेखी संसदको बैठक आह्वान गरेको थियो। आज ४ बजे संसदको बैठक बस्ने भएको छ। यो बैठकलाई विगतको भन्दा विशेष चासोका साथ हेरिएको छ। प्रधानमन्त्री ओलीले प्रतिनिधि सभाको विघटन गरेपछि सोही सोहि दिन नेकपाको प्रचन्ड-माधव पक्षले प्रधानमन्त्रीको विरुद्धमा संसदमा अविश्वासको प्रस्ताव दर्ता गरेको थियो । यद्यपी संसद विघटन भएपछि दर्ता गरिएको अविश्वासको प्रस्तावको कानुनी रुपमा खासै औचित्य हुँदैन। तर पनि प्रचन्ड-माधव पक्षले संसद बैठक सुरु भएपछि विपक्षी नेपाली काँग्रेस र जनता समाजवादी पार्टीसँग मिलेर पुनः अविश्वासको प्रस्ताव ल्याउने र प्रधानमन्त्री ओलीलाई पदच्युत गर्ने रणनीति बनाएको छ । सोही रणनीति अनुसार सो समुहको संसदीय दलको बैठक शुक्रबार बसेको थियो । सो बैठकले अध्यक्ष पुष्पकमल दाहाललाई संसदीय दलको नेता चयन गरेको छ। तर कानुनी रुपमा दाहाल नेकपाको संसदीय दलको नेता हुन सकेका छैनन् । नेकपाको विधान अनुसार अहिलेपनि प्रधानमन्त्री ओली नै संसदीय दलका नेता हुन् । प्रतिनिधि सभाको पुनस्थापना भएपछि प्रधानमन्त्रीले नैतिकताको आधारमा राजिनामा दिनु पर्ने नेकपाको प्रचन्ड-माधव समुहले माग गरेको थियो। तर प्रधानमन्त्री ओलीले राजिनामा नदिने तर संसदको बैठकमा आउने हरेक चुनौतीको सामना गर्ने बताएका छन्। त्यसैकारण आजदेखी बस्ने संसदको बैठक प्रति सबैको ध्यान गएको छ। संसदमा विपक्षीहरुले प्रधानमन्त्रीको विरुद्धमा कस्तो खाले प्रस्ताव पेश गर्छन् र त्यसलाई असफल बनाउन प्रधानमन्त्रीले कस्तो रणनीति तयार गर्छन् भन्ने निकै चासोका साथ हेरिएको छ। यो बैठक बास्तवमा ओलीको प्रधानमन्त्रीको आयुसँग पनि सम्बन्धित छ। यो बैठकबाट प्रधानमन्त्री पदच्युत भएनन् भने अझै कम्तीमा ६ महिना ओलीलाई प्रधानमन्त्रीबाट कसैले पनि हटाउन सक्दैन । तर यो बैठकबाट ओलीलाई प्रधानमन्त्रीबाट हटाईयो भने त्यसले नेपालको राजनीतिमा अस्थिरताको बिउ रोपिन्छ। यसले सत्तारुढ नेकपा संसदीय दलको विभाजन हुने र संसदमा कुनै पनि एक राजनीतिक दलको मात्र बहुमत नहुने हुँदा सरकार बनाउन र सरकार ढाल्न सांसद किनबेच गर्नु पर्ने फोहोरी खेल सुरु हुन्छ। यस्तो फोहोरी राजनीतिबाट मुक्त हुन पनि वर्तमान सरकारको निरन्तरता हुनु आवश्यक छ र त्यसै कारण सार्वभौम संसदले उचित निर्णय लिने नै छ।

# 'लेनदेनविनाको' सहमतिः के पाए विप्लवले ?

**रामकुमार डिसी**

सरकारसँग तीनबुँदे सहमति गर्दै नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी शान्तिपूर्ण राजनीतिमा अवतरण भएको छ। तर, धेरै प्रश्न अनुत्तरित नै छोडिएका छन् । तीनबुँदे सहमतिमा हस्ताक्षर गर्न शुक्रबार दिउँसो राष्ट्रिय सभागृहमा विशेष समारोह राखिएको थियो । उक्त समारोह सुरु हुनुअघि विप्लवका एकजना प्रभावशाली नेता धर्मेन्द्र बास्तोलालाई सरकारले काभ्रेबाट रिहा गर्यो । उनी हिरासतबाहिर निस्कने बित्तिकै कार्यकर्ताहरूले नारा लगाए- 'एकीकृत जनक्रान्ति जिन्दावाद'। यो त्यही राजनीतिक नारा थियो जसका आधारमा विप्लव 'संसदीय व्यवस्थाविरुद्ध विद्रोह गर्न' तीन वर्षअघि भूमिगत भएका थिए । विप्लव संसदवादीहरूसँग सहकार्य गर्ने कुरालाई 'महापतन' भन्थे । र, भूमिगत भएका बेला पुस्तक पनि लेखे- महापतन ।



भूमिगत हुनुअघि विप्लवले प्रस्तावित 'एकीकृत जनक्रान्तिको सिद्धान्त' लाई कार्यकर्तामाझ प्रशिक्षणमार्फत व्यापकरुपमा पुऱ्याएका थिए। त्यसकै आधारमा कार्यकर्ताले आज बास्तोला रिहा हुँदै गर्दा त्यो नारा लगाएका थिए । बास्तोलाले नारा लगाइरहेका आफ्ना कार्यकर्तालाई तुरुन्तै रोकेर संक्षिप्त सम्बोधन गरे । नाराबाजीले केही असहज जस्तो महसूस गरेका बास्तोला कार्यकर्तालाई थुम्थुम्याउँदै पार्टीले 'एकीकृत जनक्रान्तिको प्रक्रियाभित्र संघर्ष गरिरहेको' बताए । त्यसलाई उनले थपव्याख्या गरेनन् । उनले अस्पष्टरूपमा यत्ति भने- कमरेडहरू हाम्रो पार्टीको एकीकृत जनक्रान्तिको प्रक्रियाभित्र हामीले संघर्ष गरिरहेका छौं । देशमा जुन प्रकारको राजनीतिक समस्या छ, त्यसलाई राजनीतिक ढंगले हल गर्ने कुरा पहिलेदेखि नै गर्दै आएका थियौं।'

अपेक्षा थियो बास्तोलाले स्पष्ट पार्न नसकेको विषय विप्लवले पक्कै पनि प्रष्ट पार्ने छन् । तर, हस्ताक्षर समारोहमार्फत सार्वजनिक भएका विप्लवले आफ्ना कार्यकर्तालाई निराश पारे । उनले आफूले व्याख्या गरेको 'एकीकृत जनक्रान्तिको सिद्धान्त' बारे एक शब्द पनि बोलेनन् । न उनले त्यसलाई छाडेको भने, न अँगालिरहेको नै संकेत गरे । बरु उनले आफू र सरकारबीच भएको सहमतिलाई 'घाम र जूनबीचको भेट' का रुपमा व्याख्या गर्दै एउटा अस्पष्ट प्रस्ताव गरे । 'जनताले के चाहन्छन् भनेर एकपटक फेरि जनतालाई नै नयाँ फैसला गर्न दिने वातावरण बनाउनुपर्ने' उनको भनाइ थियो ।

'एकपटक फेरि जनतालाई नयाँ फैसला गर्ने वातावरण बनाउन जरुरी छ' हस्ताक्षर समारोहलाई सम्बोधन गर्दै विप्लवको प्रस्ताव थियो, 'के चाहन्छन् जनताले ? गम्भीरतापूर्वक छलफल गर्नैपर्छ । हामी सहकार्य गर्न तयार छौं।' उनले केबारे जनतालाई नयाँ फैसला गर्ने वातावरण बनाउने प्रस्ताव गरेका हुन् ? त्यसको प्रक्रिया के हो ? भन्नेबारे केही पनि व्याख्या गरेनन् । सरकार र विप्लवको वार्ता टोलीबीच दुई दिनअघि नै सहमति भइसकेको भए पनि सहमतिका बुँदाहरु सार्वजनिक गरिएको थिएन । सहमतिका तीन बुँदामा के छन् भन्ने कौतूहल सबैलाई थियो । आज हस्ताक्षरपछि सरकारी वार्ता टोलीका सदस्य राजन भट्टराईले सहमतिका बुँदाहरु पढेर सुनाउँदा अधुरो-अपूरो सबैलाई महसूस भयो । यी सहमतिका बुँदा पढ्दा विप्लवले केका लागि सशस्त्र आन्दोलन सुरु गरेका थिए र के पाएर शान्तिपूर्ण राजनीतिमा अवतरण गरे भन्ने खुल्दैन । वास्तवमा भन्ने हो भने विप्लव र सरकारबीच केही पनि लेनदेन भएको छैन। जेलमा रहेका आफ्ना कार्यकर्ता छुटाउने प्रतिवद्धता बाहेक विप्लवले यो सहमतिबाट अरु राजनीतिक उपलब्धि केही पनि हासिल गरेका छैनन् ।

सरकारले पनि विप्लव शान्तिपूर्ण राजनीतिमा आउने भनेपछि अरु कुरा मतलब गरेको छैन । विप्लवसँग रहेका हतियारबारे सम्झौतामा केही उल्लेख छैन। विप्लवले एकीकृत विद्रोह छोडे-नछाडेको र संसदीय व्यवस्था स्वीकार गरे-नगरेकोबारे सम्झौताले केही बोल्दैन । उनले एकीकृत जनक्रान्तिको सिद्धान्तलाई छाडेको सहजै मान्न सकिने अवस्था छैन । ओली सरकारले नै २०७५ भदौमा सांसद सोमप्रसाद पाण्डेको नेतृत्वमा बनाइएको वार्ता टोलीसँग संसदीय व्यवस्थाको विकल्प खोज्नुपर्ने एजेन्डा ल्याएका थिए र त्यही कारणले वार्ता भाँडिएको थियो । 'उहाँले संसदीय व्यवस्था परिवर्तन हुनसक्छ कि सक्दैन भन्ने कुरा राख्नुहुन्थ्यो' पाण्डे सम्झन्छन्, 'तर, मैले चाहिं संसदीय व्यवस्था परिवर्तनको एजेन्डा राखेर वार्तामा समावेश हुन सकिंदैन, लोकतन्त्रको विकल्प लोकतन्त्रै हो भन्ने गर्थें । त्यो शब्द मैले दोहोर्याइरहन्थें ।' विप्लवलाई सहमतिमा ल्याउन सहजीकरण गरेका विश्वभक्त दुलाल 'आहुति' एकीकृत जनक्रान्तिको भारी बिसाए/नबिसाएको थाहा हुन समय लाग्ने बताउँछन् । 'त्यसलाई बिसाउन खोजेको हो कि होइन भन्ने कुरा त यो सम्झौतापछि थाहा हुन्छ' उनी भन्छन्, 'अहिले भएको भनेको त प्रतिबन्ध फुकुवा गर्ने र उहाँहरू शान्तिपूर्ण राजनीतिमा आउन सक्ने भन्नेसम्मको न हो । यतिकै आधारमा उनीहरूले आफ्नो घोषित लक्ष्य छोडेकी छोडेनन् भन्ने त पुष्टि हुँदैन् । त्यो चाहिं भोलिको दिनमा गतिविधि हेरेपछि भन्न सकिन्छ ।' विश्लेषकहरु विप्लव वार्तामा आउन लचक हुनुमा उनको यो सिद्धान्त अस्पष्ट हुनु र भूमिगत भएयताका पछिल्ला तीन वर्षमा धेरै नेता-कार्यकर्ता पक्राउ परेर कमजोर हुनुलाई कारक ठान्छन् । र, कतिपयले अहिलेको सम्झौता जेलमा रहेका आफ्ना कार्यकर्ता छुटाएर पुनःशक्ति संचय गर्ने अवधिसम्मका लागि भएको आशंका गर्छन् ।

विप्लवले यसलाई उपयोगको नीति मात्रै बनाए भने त्यो भोलि देशका लागि झन् नोक्सानको विषय हुने पाण्डेले बताए। 'यसलाई उपयोग गर्ने नीति नबनाइयोस्, कुनै जालझेल र तिगडमको सोच नबनोस्' उनको भनाइ छ, 'यो तार्किक निष्कर्षमा पुगेपछि उहाँहरू खुला भएर यो संविधान र अहिलेको व्यवस्थामा आएर नेपाली जनताको हितमा काम गर्नुहोस् भन्ने मेरो आग्रह हो। यो उपयोगका लागि मात्रै भयो भने त्यसले भोलि झन् ठूलो नोक्सान पुर्याउँछ ।' विप्लव भावी राजनीतिको रथ कसरी गुडाउँछन् भन्ने अझै स्पष्ट छैन् । उनले हालै आफ्ना राजनीतिक गुरु मोहन वैद्य 'किरण', आहुति र ऋषि कट्टेलले नेतृत्व गरेको पार्टीसँग मिलेर 'संयुक्त रणनीतिक मोर्चा' बनाएका थिए। कतिपयले उनी अब पुनः भूमिगत पनि नहुने र चुनावी राजनीतिमा पनि नहोमिने विश्लेषण गरेका छन्। बरु यही मोर्चालाई अघि बढाउने र त्यसमा भएका सबैसँग एकीकरण गरेर नयाँ पार्टी बनाउन सक्ने पनि आकलन छ।

आहुति भने पार्टी एकता गर्ने एउटा एजेन्डा रणनीतिक मोर्चाको भए पनि अहिले नै त्यो भैहाल्छ भन्न नसकिने बताउँछन् । 'पार्टी एकताको एजेन्डा पनि त्यो मोर्चाको छ' उनी भन्छन्, 'तर, त्यो बसेर छलफल गर्नुपर्छ । सबैका कुरा मिल्नुपर्यो । कार्यदिशा अलग-अलग छन्। तीमाथि छलफल गर्दै व्यावहारिक रुपमा एक-अर्कासँग सिक्दै गएपछि मात्रै त्यो हासिल हुने कुरा हो ।'

(स्रोत : नेपाल प्रेस डटकम)

# सुन्दरीजल आइपुग्यो मेलम्चीको पानी


**काठमाडौं, फागुन २२**

बहुप्रतीक्षित मेलम्ची खानेपानी आयोजनाको पानी सुन्दरीजल आइपुगेको छ। शनिबार साँझ प्रधानमन्त्री केपी शर्मा ओलीले फ्लसिङ टनेलको हाइड्रो मेकानिकल गेटको बटन थिचेपछि फागुन १० गते सुरुङमा हालिएको पानी सुन्दरीजलमा खसेको छ।

यो पानी अहिले बागमती नदीमा खसालिएको छ। सुरुको पानी फोहोरसहित पानी आउने भएकाले प्रशोधन केन्द्रमा नहाली बागमती नदीमा खसालिएको हो।

आज लामो सपना पुरा भएको भन्दै प्रधानमन्त्री ओलीले केही दिनमा घरघरमा पानी आउने दाबी गरे। उनले भनेका छन्, 'काठमाडौंबासीका लागि एउटा ग्यारेन्टी भयो, काठमाडौंमा पानी झर्‍यो। केही दिनमा वितरण हुने भयो।' कपाल कालै रहेको, तर काम सम्पन्न हुँदा कतै कालो बाँकी नरहेको चर्चा गर्दै उनले भने, 'यो खुसीको दिन हो। जतिबेर पायो, त्यतिबेर लड्डु खाने होइन माधव समूहतिर थियो, जसले प्रतिनिधिसभा विघटनलाई सर्वोच्च अदालतले बदर गरेको दिन खुसी साट्दै लड्डु खाएका थिए।






मेलम्ची खानेपानी आयोजनाको कुरा चल्दा आफ्नो। यस्तो बेलामा खाने हो।'

उनको कटाक्ष नेकपा प्रचण्ड-

मेलम्चीमा लामो समयको प्रतिक्षा पुरा भएको भन्दै उनले केही दिनमा धारामा पानी आउने बताए। यसअघि काम गर्न दिएनन्, आफ्नै पार्टीबाट असहयोग भयो भन्नुपरेको भन्दै उनले भने, 'अब त प्रमाणित भयो होला नि। दिनैपिच्छे ठूलठूला काम भएका छन्। कही उद्घाटन भएका छन्, कहि शिलान्यास भएका छन्।'




काठमाडौंलाई पानी दिएकोमा मेलम्ची, हेलम्बु र सिन्धुपाल्चोकबासीलाई उनले धन्यवाद दिए।

(स्रोत : अनलाइन खबर)

## दोस्रो...

कर्मचारी, पत्रकार लगायत गरी पाँच हजार भन्दा बढीलाई खोप लगाइसकिएको छ।

कार्यालयका फोकल पर्सन एवं कोल्डचेन असिस्टेन्ट वीरेन्द्रकुमार चौधरीका अनुसार खोप अभियान सञ्चालनका लागि २ सय ६६ स्वास्थ्यकर्मी र ४ सय २५ स्वयंसेवक परिचालन हुनेछन्। उनीहरुलाई खोप अभियानबारे अभिमुखीकरण प्रदान गरिसकिएको छ। कोरोनाको जोखिम ६५ वर्षभन्दा माथिका उमेर समूहका व्यक्तिलाई बढी रहेकाले यस पटक सो उमेर समूहका व्यक्तिहरुलाई खोप लगाउन लागिएको उनले जानकारी दिए।

खोप अभियानका क्रममा सबै पालिकामा एक जना चिकित्सक सहितको एईएफआई टिम परिचालन गरिएको छ। खोप लगाएर गम्भीर असर देखिएमा उक्त टिमले तत्कालै उपचारको प्रबन्ध मिलाउनेछ। खोप अभियान सञ्चालनका लागि जिल्लामा प्रमुख जिल्ला अधिकारी, पालिकामा प्रमुख/अध्यक्ष र वडामा वडाध्यक्षको संयोजकत्वमा खोप समन्वय समिति गठन गरिसकिएको छ।

## मिर्गौला...

मिर्गौला पीडितका श्रीमान् खेमबहादुरले श्रीमतीको मिर्गौला प्रत्यारोपण गर्नुपर्ने र त्यसका लागि ठूलो रकम आवश्यक पर्ने भएकाले सहयोग गरिदिन सबैसँग आग्रह गरे। "घरको आर्थिक अवस्था पनि कमजोर छ, परिवारकै सदस्यको मिर्गौला प्रत्यारोपणका लागि पनि ठूलो रकम आवश्यक पर्दो रहेछ," उनले भने।

मिर्गौला पीडित मेगीसराको चितवनस्थित पुरानो मेडिकल कलेजमा डायलासिस भइरहेको छ। बिरामी भएर औषधि सेवन गरिरहेको समयमै एक वर्ष अगाडी परीक्षण गराउँदा दुवै मिर्गौला फेल भएको पत्ता लागेको थियो।

**सहयोग जुटाउँदै समाज**

व्यास नगरपालिका-१४ घर भई मिर्गौला पीडित भएकाहरुको लागि समाजले आर्थिक सङ्कलन गर्दै आइरहेको छ। यस अगाडी दुवै मिर्गौला फेल भएका सन्तोष राना मगरको उपचारका लागि समाजको पहलमा रु ३१ लाख भन्दा बढी रकम सङ्कलन भएको थियो।

"वडावासीको दुःखमा मलम लगाउन समाजले आर्थिक सहयोग सङ्कलन अभियान चलाउँदै आएको छ। सन्तोष रानाको उपचारका लागि पनि देश तथा विदेशबाट राम्रो रकम सङ्कलन भयो," संयोजक आलेले भने।

शुभकामना यू.पि.भि.सी.
व्यास-१, विज्ञानचौर, तनहुँ
अफिस : ०६५-५६०३५२ Email : dildarai2034@gmail.com
प्रो. दिल बहादुर दरै
मो. : ९८४६०२३०६३
तनहुँ जिल्ला मै पहिलो UPVC उद्योग
यहाँ झ्याल, ढोका, पाटेसन, अफिस डेकुरेसन गरिन्छ।
विशेषताहरु : पानी प्रतिरोधक, धमीरा प्रतिरोध, चाहेको डिजाईन बनाउन सकिने, धेरै मर्मत गरिराख्नु नपर्ने, रङ लगाउनु नपर्ने भूकम्प प्रतिरोधी कम लागत वातावरण मैत्री, लामो समय टिकाउ

धूमपान तथा सूर्तिजन्य पदार्थबाट टाढै बसौं ! आफू बाँचौं र अरुलाई पनि बचाऔं !!
धूमपान भनेको के हो ?
■ धूमपान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो। चुरोट, बिँडी, तमाखु, कक्कडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो।
■ धूमपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासायनिक तत्त्व पाइन्छन्। तीमध्ये ६९ भन्दा बढी तत्त्वले क्यान्सर गराउँछ।
धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा हुने असर
■ मुख, फोक्सो, पेट, फियो, आन्द्रा, मुत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ।
■ दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, गर्भपतन हुने, कम तौलको बच्चा जन्मने, अवधि पूरा नभई बच्चा जन्मने, मृत बच्चा जन्मने आदि गराउँछ।
■ धूमपानको धुँवाले वर्षेनी धूमपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ। नजिक बसेकै कारणले विश्वमा वर्षेनी ६ लाख मानिसको मृत्यु हुने गरेको छ।
धूमपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय
■ साथीभाइको लहैलहैमा नपरौं।
■ दीर्घकालीन असरको मनन गरी कूलतमा नफसौं !
■ धूमपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसँग सल्लाह गरौं !
■ सार्वजनिक स्थलमा धूमपान नगरौं !
■ घरभित्र र बच्चाको अगाडि कहिल्यै धूमपान नगरौं !
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौंडा, तनहुँ

COVID-19 कसरी छिटो सर्नसक्छ?
३ मुख्य कारण
यी मेरै अफिसका सहकर्मीहरु हुन्। उनिहरुसंग बोल्दा मास्क लगाउनु पर्दैन, सर्दैन।
यी मेरा मिल्ने साथीहरु हुन्। उनिहरुसंग बोल्दा मास्क लगाउनु पर्दैन, सर्दैन।
यी मेरा नातेदार हुन्। उनिहरुसंग बोल्दा मास्क लगाउनु पर्दैन, सर्दैन।
माथिका ३ गल्तिहरु नगर्नुस। मास्क सधैं लगाउनुस। आफुलाई र आफु नजिक सबैलाई सुरक्षित राख्नुस।
लोकवाणी दैनिक
दमौली, तनहुँ

"भानु समृद्धिको आधार। कृषि, संस्कृति र पर्यटन र पूर्वाधर, स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"
प्रथम भानु नगर स्तरीय वडा कप-२०७७
7A SIDE खुल्ला फुटबल प्रतियोगिता
मिति: २०७७ चैत्र ७ गते देखि १५ गते सम्म
भानु-२, नारेश्वरटार, तनहुँ
यहि मिति २०७७ चैत्र ७ गतेदेखी १५ गतेसम्म सञ्चालन हुने यस खेलकुद कार्यक्रममा भानु नगरपालिका भित्रका सम्पूर्ण संघ संस्था, युवा क्लब तथा वडा समितिहरूलाई कार्यक्रममा सहभागीताका लागि हार्दिक अनुरोध गर्दछौं
पुरस्कारहरू
प्रथम पुरस्कार: रू.३०,०००।- ट्रफि, मेडल र प्रमाण पत्र
द्धितिय पुरस्कार:रू.२०,०००।- ट्रफि, मेडल र प्रमाण पत्र
तृतिय पुरस्कार: १०,०००।- - ट्रफि, मेडल र प्रमाण पत्र
वेष्ट प्लेयर (मेडल र प्रमाण पत्र, विशेष पुररस्कार)
हाइयस्ट स्कोर (मेडल र प्रमाण पत्र, विशेष पुररस्कार)
वेष्ट किप्पर (मेडल र प्रमाण पत्र, विशेष पुररस्कार)
वेष्ट डिफेन्डर (मेडल र प्रमाण पत्र, विशेष पुररस्कार)
अनुशासित टिम (मेडल र प्रमाण पत्र, विशेष पुररस्कार)
अनुशासित कोच (मेडल र प्रमाण पत्र
स्थान: भानु-२, हो.रा.लो.शा.शि.स.मा.वि.को खेल मैदान
प्रतियोगिताको विवरण
दर्ता शुल्क : रु.३,५००।-
डिपोजिट : रु.५००। (कार्ड)
दर्ता गर्ने अन्तिम मिति: चैत्र ६ गते सम्म
आवश्यकता कागजातहरू :
१. खेलाडीको नागरिकता वा जन्म दर्ता प्रमाण पत्र।
२. हालसालै खिचेको पासपार्ट साईजको फोटो।
३. खेलाडीको आवश्यक कागजात नभएमा वडा कार्यालयको सिफारीस चाहिनेछ।
नोट: भानु नगरपालिका भित्रका क्लब र खेलाडीहरूलाई मात्र सहभागी गराइनेछ।
अध्यक्ष मनोज कुमार श्रेष्ठ ९८६६०४०४४४
क्लब संरक्षक सूर्य कुंवर ९८६२३८४६३७
सचिव सुनिल मजकोटी ९८०४१८१७३६
आयोजक: कालिका युवा क्लब, भानु-२, नारेश्वरटार, तनहुँ

# वक्तृत्वकला प्रतियोगितामा सत्यवतीकी न्यौपाने प्रथम

**लोकवाणी संवाददाता**
**दमौली, फागुन २२**

महिला सशक्तीकरण सञ्चार समाज तनहुँले शुक्रबार आयोजना गरेको व्यास नगरस्तरीय महिला शिक्षक वक्तृत्वकला प्रतियोगितामा



सत्यवती माध्यमिक विद्यालयकी कल्पना न्यौपाने प्रथम भएकी छन् ।

एक सय एघारौ अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा “लैङ्गिक समानताका लागि महिला आवाज” शीर्षकमा आयोजित प्रतियोगितामा न्यौपाने प्रथम हुन सफल भएकी हुन् ।

प्रतियोगितामा सत्यवतीकै सुनिता तिवारी द्वितीय र क्यामिन माविकी रुपा घिमिरे तृतीय भइन्। प्रतियोगिताका विजयीलाई व्यास नगरपालिकाका उपप्रमुख मिरा जोशीले पुरस्कार वितरण गरिन् ।

प्रथम, द्वितीय र तृतीय हुनेलाई नगद रु पाँच हजार, रु चार हजार र रु तीन हजार साथै प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रतियोगितामा व्यास नगरपालिकाका शिक्षा शाखा प्रमुख नगेन्द्रप्रसाद रेग्मी, आदिकवि भानुभक्त क्याम्पसका सहायक प्रमुख कल्पना लम्साल र डा. रामकुमार अधिकारीले निर्णायकको भूमिका निभाएका थिए ।

लैङ्गिक समानताका लागि अबको आवश्यकता के भन्ने विषयमा आवाज निकाली उक्त आवाजलाई नीति निर्मातादेखि कार्यान्वयन तहसम्म दिगो समानताको व्यवस्थापनको खोजी गर्ने उद्देश्यले कार्यक्रम गरिएको संस्थाकी अध्यक्ष प्रकृति खनाल न्यौपानेले जानकारी दिइन् । प्रतियोगितामा १५ जनाको सहभागिता थियो ।

# पराशर टोलवासीद्वारा तनहुँ जङ्गल पार्कमा सरसफाई

**लोकवाणी संवाददाता**
**दमौली, फागुन २२**

व्यास नगरपालिका-३ स्थित पराशर टोलले तनहुँ कालिका जङ्गल पार्क वरिपरि सरसफाई गरेको छ । जङ्गल प्लाष्टिकका बोत्तल लगायतका फोहरजन्य वस्तुले कुरुप देखिएपछि पराशर टोलवासीले सरसफाई गरेका हुन् ।

तनहुँ जङ्गलपार्क तनहुँवासीको गहना भएकाले यसको संरक्षण एव सरसफाईमा सबै जुट्नु पर्ने टोलका सचिव सुभास गौतमले बताए । जङ्गल पार्कमा वनभोजका लागि मानिसहरु आउने तर आफूले गरेको फोहर आफैले व्यवस्थापन नगरिदिँदा पार्क वरिपरिको क्षेत्र फोहर बनेको टोलवासी आकाश अधिकारीले



बताए।

टोलले आयोजना गरेको परिवारिक वनभोजका अवसरमा पार्क परिसर एवं पिकनिक क्षेत्र वरिपरि सरसफाइ गरिएको हो। उक्त सरसफाइ कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले लगायत टोलवासीको सहभागिता रहेको थियो ।






## बन्दीपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ, गण्डकी प्रदेश, नेपाल

**दरभाउ पत्र स्वीकृति गर्ने आशयको सूचना**

*प्रकाशित मिति:२०७७।११।२३*

यस कार्यालयबाट मिति २०७७।११।०२ गतेको लोकवाणी दैनिकमा प्रकाशित सूचना बमोजिम बन्दिपुर गाउँपालिका अन्तर्गत विभिन्न नदी तथा घाटहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा) उत्खनन् तथा व्यवस्थापन कार्यको लागि शिलवन्दी दरभाउ आह्वान गरिएकोमा निर्धारित समय भित्र दर्ता हुन आएका दरभाउ पत्रहरुको मूल्याङ्कन गर्दा तपशिलमा उल्लेखित दरभाउ पत्र स्वीकृतिको लागि छनौट भएको हुँदा बन्दिपुर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | नदी घाटको नाम | दरभाउपत्रदाताको नाम ठेगाना | कबोल अंक ( भ्याट बाहेक ) रु. | कैफियत |
|---|---|---|---|---|
| *BRM/११ ०७८ ।०७७ /* | बन्दिपुर ५, मर्याङ्गदी नदी, याम्पा घाट | शुभम निर्माण सेवा, बन्दिपुर ४ | ६,४४,०००।०० | |
| BRM/१४०७८ ।०७७ / | बन्दिपुर ६, सेतीनदी, झटेनी घाट | अमिर कन्स्ट्रक्सन, बन्दीपुर ६ | १०,२६,८००।०० | |
| BRM/१५०७८ ।०७७ / | बन्दिपुर ६, सेतीनदी, सिसौरे घाट | अमिर कन्स्ट्रक्सन ,बन्दीपुर ६ | ४,८०,९००।०० | |

प्रमुख प्रशासकीय अधिकृत









**लोकवाणी पब्लिकेशन प्रा.लि.द्धारा प्रकाशित लोकवाणी दैनिकका** लागि **सम्पादक** :प्रकाशचन्द्र भट्टराई (९८५६०६०७८९), **कानूनी सल्लाहकार** :त्रिभुवन श्रेष्ठ, **बजार व्यवस्थापक** : ऋषिकान्त दुवाडी
जि.प्रशा.का.तनहुँ द.नं. १२/०६३/०६४, जि.हु.द.नं. ११/०६३/०६४, फोन : ०६५-५६२७०५, व्यास नपा-३, सफासडक, दमौली **Email : lokwanidaily@gmail.com,** मुद्रण:विज्ञान प्रिन्टर्स, दमौली, फोन :०६५-५६०१२४